नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरबार,

काठमाडौं, नेपाल ।

## विज्ञप्ति

विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित महिला हिंसा सम्बन्धी सामाग्रीको सम्बन्धमा मिति २०७९/०२/०६ गते प्रतिनिधि सभा बैठकमा माननीय सांसदहरुले उठाउनु भएको विषय र सम्माननीय सभामुखज्यूले उक्त विषयमा रुलिङ गर्नु भएको, साथै नागरिक समाजबाट कारवाहीका लागि प्रदर्शन र दबावका सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता विषयमा शीघ्र छानविन गरी सत्य तथ्य पत्ता लगाई दोषीलाई हदै सम्मको कारवाही गर्न नेपाल सरकार सधै प्रतिबद्ध रहेको छ । पछिल्लो घटनाको सन्दर्भमा वरिष्ठ प्रहरी उपरीक्षक बसन्त कुँवरको संयोजकत्वमा प्रहरी उपरीक्षक कृष्ण कोइराला, प्रहरी नायव उपरीक्षक कोपिला चुडाल, प्रहरी नायव उपरीक्षक हरि बस्नेत र प्रहरी निरीक्षक सपना खड्का समेत रहेको छानविन समिति मिति २०७९/०२/०६ गते गठन गरी उक्त समितिले काम शुरु गरिसकेको अवस्था छ । उक्त समितिलाई अनुसन्धान कार्यमा सहयोग गर्नुहुन गृह मन्त्रालय सवैमा अनुरोध गर्दछ ।

मितिः २०७९/०२/०७

२०७९।२।६

फणिन्द्रमणि पोखरेल

सहसचिव/प्रवक्ता